मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १ गते मंगलबार ❑ 14 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

हार्दिक मंगलमय शुभकामना
नव वर्ष-२०८३ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकबर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
फेवा प्रकाशन प्रा.लि., पोखरा
पोखरापत्र दैनिक परिवार

## टुकुचे र जापानको तोगा सिटीबीचको मितेरी सम्बन्ध पुन:जोडियो

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

मुस्ताङको थासाङ गाउँपालिका-१ स्थित टुकुचे गाउँ र जापानको तोगा सिटीबीच विगतमा स्थापित मितेरी सम्बन्ध २० वर्षपछि पुनः सक्रिय गरिएको छ।

दुई स्थानबीच विस २०४७ मा सांस्कृतिक आदान-प्रदान र आपसी सहयोगको उद्देश्यले मितेरी सम्बन्ध गाँसिएको थियो। तर समयक्रममा नेतृत्व परिवर्तन, नियमित समन्वयको अभावले पछिल्लो दुई दशकयता सम्बन्ध निष्क्रिय बनेको थियो। स्थानीय तहको पुनःसंरचनापछि तत्कालीन टुकुचे गाविस थासाङ गाउँपालिकामा परेको थियो भने तोगा समेत नाम्तोमा गाभिएका कारणले समन्वय भएको थिएन। सुरूआतका केहि वर्ष भने सम्बन्ध




राम्रो विकास भएको स्थानीयको भनाइ छ । टुकुचे गाउँका स्थानीय जनप्रतिनिधि, पर्यटन व्यवसायी तथा जापानस्थित सरोकारवालाहरूको पहलमा पुनः सम्बन्ध सुदृढ गर्ने सहमति भएको हो । पुनःस्थापित सम्बन्धमार्फत पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदान-प्रदान, शिक्षा तथा स्थानीय विकासका क्षेत्रमा सहकार्य गर्ने योजना बनाइएको छ। स्थानीयवासीहरूले यसले टुकुचेको पर्यटन विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरेका छन् । टुकुचे गाउँ र जापानको नाम्तो सिटीको तोगाका बिचमा मितेरी सम्बन्धको साँस्कृतिक मिलन उत्सव आइतबार सुरू भएर आज सकिएको छ। टुकुचेमा एक भव्य कार्यक्रमका बिच सूरू कार्यक्रम दुई दिनसम्म चलेको हो। टुकुचे गाउँ सुधार समितिले कार्यक्रम समन्वय गरेको हो । कार्यक्रममा सहभागी हुनका लागि जापानको तोयामाका प्रेप्रेक्चर सभामुख सिनिचि ताकेदा, नाम्तो सिटीका मेयर मिकियो तानाका सहितको १८ सदस्यीय टोली टुकुचे आएको छ। टुकुचे र तोगाका बिचमा ३५ वर्षअघि मितेरी सम्बन्ध गाँसिएको थियो । त्यसपछि डेढ दशकसम्म दुई पक्षाबिचमा सहयोग आदानप्रदान लगायतका सहकार्य र भ्रमण भएपनि त्यसपछि लामो समय सहकार्य हुन सकेको थिएन । लामो प्रयासपछि पुनः सम्बन्ध स्थापित भएका उपलक्ष्यमा सांस्कृतिक उत्सव मनाईको स्थानिय समाजसेवी तथा टुकेचे तोका कार्यसमितिका अध्यक्ष पवन तुलाचनले बताउनुभयो । "धेरै मेहनतपछि सम्बन्ध नविकरण भएको छ। बिचमा विभिन्न कारणले सम्पर्क टुटेको थियो। अब दुई गाउँ बिचको प्रगाढ सम्बन्धले समग्र देशको समृद्धिमा सघाउ पुग्नेछ । "तुलाचनले भन्नुभयो । मितेरी सम्बन्ध पछि टुकुचेका ७५ भन्दा बढि युवाले जापानमा गएर सीप सिक्ने मौका पाएको वडाध्यक्ष सुरेश थकालीले बताउनुभयो। यसका साथै टुकुचेको कृषि विकास र पूर्वाधार विकासमा समेत सहयोग पुगेको उहाँको भनाइ छ। रोकिएको सहकार्य पुनः अघि बढ्ने वडाध्यक्ष थकालीले बताउनु। नाम्तोका मेयर मिकियो तानाकाले अवका दिनमा सम्बन्ध अझ विस्तार हुने र दुईपक्षका विच सहयोग आदानप्रदान गरिने बताउनु । कार्यक्रममा सहभागी हुन आएका पाहुनालाई

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसको क्रियाशील सदस्यता खारेज गर्न नमिल्ने नेता खड्काको भनाइ

रासस
काठमाडौं, ३० चैत

नेपाली कांग्रेसका नेता पूर्णबहादुर खड्काले पार्टीको क्रियाशील सदस्यता कसैले खारेज गर्न नमिल्ने बताउनुभएको छ।

नेता खड्काले पार्टी कार्यावाहक सभापतिको हैसियतले सोमबार एक विज्ञप्ति जारी गरी पार्टी सदस्यता कुनै नेताको भाषणमार्फत खारेज गर्न नसक्ने बताउनुभएको हो। "निर्दलीय निरङ्कुश पञ्चायती व्यवस्थामा कांग्रेस पार्टी प्रतिबन्धित रहेको बेला ज्यान हत्केलामा राखेर लिएको पार्टी सदस्यता कुनै नेताले आवेग, उत्तेजना वा लहडमा भाषणमार्फत खारेज गरिने विषय जायज होइन, हुन सक्दैन", उहाँले भन्नुभएको छ।

खड्काले पार्टीको सदस्यता कुनै नेताको हारजितसँग नभएर नेपालको राष्ट्रिय स्वाधिनता, सार्वभौमिकता, लोकतन्त्र र नागरिक स्वतन्त्रताको लडाइँ, योद्धाहरूको योगदान र सहादत प्राप्त गरेका सहिद परिवारको सम्मानसँग जोडिएको ऐतिहासिक निस्सा भएको बताउनुभयो।

## मुलुकमा फेरि आन्दोलन नहुने गरी काम गरिनुपर्नेमा स्रष्टाहरूको जोड

रासस
काठमाडौं, ३० चैत

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति साहित्यकार बैरागी काइँलालगायत लोकतान्त्रिक जनआन्दोलनमा अग्रणी भूमिका निर्वाह गरेका स्रष्टाहरूले मुलुकमा फेरि आन्दोलन नहुने गरी काम गरिनुपर्नेमा जोड दिनुभएको छ।

'स्रष्टा चैत ३०' द्वारा आयोजित 'आन्दोलन, रूपान्तरण र सिर्जनात्मक हस्ताक्षेप' विषयक विमर्श कार्यक्रममा आज उहाँहरूले राजनीतिक परिवर्तनका लागि भएका आन्दोलनदेखि पछिल्लो आन्दोलनसम्म साहित्यकारहरूको कुनै न कुनै रूपमा भूमिका रहेको उल्लेख गर्दै अब मुलुकले स्थिरता र विकास हासिल गर्नुपर्नेमा जोड दिनुभयो।

पूर्वकुलपति काइँलाले परिवर्तनका लागि आन्दोलित हुन सफल रहे पनि परिवर्तनपछि स्रष्टाहरूको दुरावस्था भएको उल्लेख गर्दै मुलुकले पनि सोचेजस्तो काँचुली फेर्न नसकेकाले पछिल्लो जेनजी आन्दोलन भएको टिप्पणी गर्नुभयो । उहाँले राजनीतिक परिवर्तन भए पनि समाजको सांस्कृतिक र आन्तरिक संरचनामा परिवर्तन भई जनता समृद्ध हुनुपर्ने बताउनुभयो।

वरिष्ठ साहित्यकार डा तुल्सीप्रसाद भट्टराईले आम नागरिकमा समस्या पहिचान

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा केही समयका लागि अन्तर्राष्ट्रिय विमानस्थलबाट नि:शुल्क बस सेवा सुरु

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

नेपाली नयाँ वर्ष २०८३ को अवसर पारेर पोखरामा अन्तर ाष्ट्रिय विमानस्थलदेखि अमरसिंह चोकसम्म निःशुल्क इलेक्ट्रिक सटल बस सेवा सञ्चालनमा आउने भएको छ।

पोखरा महानगरपालिकाको पहलमा विभिन्न वित्तीय संस्था तथा यातायात व्यवसायीहरूको सहकार्यमा सुरु हुन लागेको उक्त सेवा भोलि (मंगलबार) एक औपचारिक कार्यक्रमका बीच शुभारम्भ हुने भएको हो। पाइलट परियोजनाका रूपमा आगामी असार मसान्तसम्म सेवा पूर्ण रूपमा निःशुल्क उपलब्ध गराइने भएको पोखरा महानगरका मेयर धनराज आचार्यले बताउनु भयो । त्यसपछि भने न्यूनतम




शुल्कमा सेवा निरन्तर सञ्चालन गर्ने योजना रहेको उहाँले जनाउनु भयो । हालका दिनमा काठमाडौंदेखि पोखरा आउँदा वा विमानस्थलबाट लेकसाइडसम्म पुग्दा महँगो ट्याक्सी भाडाबारे गुनासो बढेपछि त्यसको विकल्पका रूपमा यो सेवा ल्याइएको मेयर आचार्यको भनाई छ । अत्याधुनिक सुविधा सहितका ३२ सिटे इलेक्ट्रिक बसमा यात्रुका लागि आरामदायी सिटसँगै लगेज व्यवस्थापनको सुविधा पनि उपलब्ध रहेको छ। बिहान ६ बजेदेखि राति १०:०० बजेसम्म दैनिक दुई वटा बसले निरन्तर सटल सेवा दिने व्यवस्था मिलाइएको छ । महानगरपालिकाले प्रत्येक बस खरिदमा करिब १ करोड ६० लाख रुपैयाँ लगानी गरेको जनाएको छ । यसैबीच, मेयर धनराज आचार्यले पोखरामा वातावरणमैत्री यातायात विस्तार गर्न व्यवसायीहरूलाई इलेक्ट्रिक बस सञ्चालनमा ल्याउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो" महानगरले सुरु गरेको सटल बस सेवा केवल यात्रु सुविधा मात्र नभई पोखरामा इलेक्ट्रिक सवारी प्रवर्द्धन गर्ने सन्देश पनि हो, अब हामीले इलेक्ट्रिक सवारी साधनलाई प्रमोशन गर्नुपर्छ ।" यातायात क्षेत्रका सरोकारवालासँग छलफल गरेर निर्णय गरिएको यस परियोजनाले पोखरालाई स्वच्छ र दिगो शहर बनाउने अभियानमा सहयोग पुग्ने महानगरले विश्वास गरेको छ । महानगरका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालका अनुसार नयाँ वर्षकै दिन विमानस्थलमा एक समारोहका बीच सेवाको औपचारिक उद्घाटन गरिनेछ।

## आयोगहरूबीच कार्यपद्धतिमा एकरूपता र गुणस्तरीयता कायम अनिवार्य: अध्यक्ष रेग्मी

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले आयोगहरूबीचको कार्यपद्धतिमा एकरूपता र गुणस्तरीयता कायम अनिवार्य भएको बताउनुभएको छ।

पोखरामा सम्पन्न लोकसेवा आयोगहरूको दुई दिने छैटौं राष्ट्रिय सम्मेलनको आज आयोजित घोषणापत्र सार्वजनिक कार्यक्रमलाई उहाँले सम्बोधन गर्नुभएको थियो । उहाँले सो कार्यक्रममा आयोगहरूबाट छनोट हुने कर्मचारीहरू शासकीय प्रभावकारिताका संवाहक भएकाले आयोगको छनोट प्रणालीमा थोरै मात्र त्रुटि भएमा त्यसको असर राज्यले लामो समय भोग्नुपर्ने हुँदा चनाखो हुनुपर्नेमा जोड दिनुभयो।



गौरवशाली इतिहास बोकेको संवैधानिक निकाय लोकसेवा आयोगले आर्जन गरेको जनविश्वास र स्थापित पद्धतिलाई अक्षुण्ण राख्दै प्रविधिमा आएको परिवर्तन, सूचनाको हकको बढ्दो प्रयोग र परिवर्तित सन्दर्भहरूलाई आत्मसात गरी अगाडि बढ्न सकेमा आयोगको विश्वासनीयतामा थप अभिवृद्धि हुने उहाँको भनाइ छ । सम्मेलनले विभिन्न छ बुँदे घोषणपत्रसमेत सार्वनिक गरेको छ। घोषणापत्रमा प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण ऐन) २०७५ बमोजिम लोकसेवा आयोगको सिद्धान्त र मापदण्ड २०८२ को मस्यौदामा प्राप्त सुझावका आधारमा आयोगबाट स्वीकृत गरी सार्वजनिक गर्ने, लोकसेवा आयोगको सिद्धान्त र मापदण्ड सार्वजनिक भएपछि सोको आधारमा सूचकहरू निर्धारण गरी सबै प्रदेश लोकसेवा आयोगहरूले आवश्यकताअनुसार स्वमूल्याङ्कन गर्ने वा समकक्षी मूल्याङ्कन गर्ने, लोकसेवा आयोगहरूको सातौं सम्मेलन २०८३ फागुन २३ र २४ गते मधेस प्रदेशमा आयोजना गर्नेलगायत छन्।

सम्मेलनमा लोकसेवा आयोगका सचिव रामेश्वर दङ्गालले लोकसेवा आयोग र प्रदेश लोकसेवा आयोगबीच समन्वय र सहकार्यको स्थायी संरचना नरहेकाले प्रत्येक वर्ष आयोजना हुने राष्ट्रिय सम्मेलन अत्यावश्यक रहेको बताउनुभयो । सम्मेलनमा साते प्रदेशका अध्यक्षहरूले राष्ट्रिय सम्मेलनको सान्दर्भिकता एवं आआफ्नो प्रदेश लोकसेवा आयोगले प्रदेश र स्थानीय तहको पदपूर्तिलाई स्वच्छ, निष्पक्ष तथा विश्वसनीय बनाउन गरेका प्रयास तथा काम कारबाहीका बारेमा प्रकाश पारेका थिए।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फेवा महोत्सवमा पर्यटकबिच रमाइलो दौड

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

पोखरामा जारी २१ औं फेवा नव बर्ष महोत्सव २०८३ को दोश्रो दिन सोमबार लेकसाइडमा आयोजित पर्यटक दौड प्रतियोगितामा क्यानडाका दिरेक मिलरोइ प्रथम भएका छन् । यसैगरी स्पेनका अड्रिया फेरर द्वितीय भए भने अष्ट्रेलियाका लाइन्डनले तृतीय स्थान हासिल गरे ।

लेकसाइड स्थित होटल पिस प्लाजा अगाडिबाट सुरु भएको दौडमा खेलाडीहरु एक हजार आठ सय मिटर दुरीमा रहेको अम्बोटसम्म दौडिएका थिए । दौडमा भारतका आमिरलाई सान्त्वना पुरस्कार प्रदान गरियो । यसैगरी महिलातर्फको छुट्टै मुल्यांकनमा अष्ट्रेलियाकी हान्ना प्रथम भइन् । नेदरल्याण्डकी इशाले द्वितीय स्थान हासिल गर्दा अष्ट्रेलियाकी स्टेफनी




तृतीय भइन् । भारतकी शुभांगीले शान्त्वना स्थान हासिल गरिन् । रन फर फन नाम दिएर आयोजना गरिएको दौडमा खेलाडीले कति समयमा दौड पूरा गरे भन्ने गणना गरिएन । दौडमा विभिन्न देशका तीन दर्जन खेलाडीले भाग लिएका थिए । विजेता खेलाडीहरुलाई हाइ ग्राउण्ड एड्भेञ्चर, सिइङ हेण्ड ब्लाइण्ड मसाज क्लिनिक, ब्यञ्जन रेष्टुरेण्ट, अन्नपूर्ण केवलकार र फेवा थकाली भान्छा रेष्टुरेण्टका तर्फबाट पुरस्कार प्रायोजन गरिएको थियो । टुवोर्ग वियरका तर्फबाट निशुल्क टिसर्ट उपलब्ध गराइएको थियो । मायाको चिनो र प्रमाणपत्र पनि खेलाडीहरुले प्राप्त गरे । विजेता खेलाडीहरुलाई महोत्सव एवं दौड आयोजक होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदी, प्रथम उपाध्यक्ष दिपक श्रेष्ठ, द्वितीय उपाध्यक्ष गणेशराज पहारी, कोषाध्यक्ष नेत्रप्रसाद पौडेल, सहकोषाध्यक्ष वैभव पौडेल, दौड संयोजक प्रतीकराज पहारी, सदस्य सरोज अधिकारी र अन्नपूर्ण केवलकारका दिनेश पौडेलले पुरस्कार प्रदान गरेका थिए । होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले दौड सफल पार्न समन्वयकारी भूमिका खेलेका थिए । फेवा महोत्सवको मुख्य प्रायोजकमा गोर्खा ब्रुअरी प्रालि, सहप्रायोजकमा म्याक्स टाइगर र एक्ट्रिम इनर्जी ड्रिंक तथा प्रायोजकहरुमा अन्नपूर्ण केवलकार लि, इ-सेवा, युनाइटेड वाइनरी प्रालि रहेका छन् । इन्योरेन्स पार्टनरमा सलिको इन्स्योरेन्स रहेको छ । महोत्सवका प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय, पोखरा महानगरपालिका र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश रहेका छन् । महोत्सव बैशाख १ गते सम्म चल्ने छ ।

# मेडिप्लस सामाजिक सुरक्षा कोष फुटसलमा डाक्टर टिम च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

मेडिप्लस सामाजिक सुरक्षा कोष फुटसलमा मेडिप्लस डाक्टर टिम च्याम्पियन बन्न सफल भएको छ ।

पोखराको गणेशटोलस्थित स्पोर्टस क्यासलमा शनिवार आयोजित "मेडिप्लस सामाजिक सुरक्षा कोष फुटसल प्रतियोगिता"मा ११ टिमको सहभागिता रहेको थियो। सुजल डेरी प्रा.लि सगँ फाइनमा खेलेको मेडिप्लस हस्पिटल डाक्टर टिमले उत्कृष्ट प्रदर्शन गर्दै उपाधि जितेको हो ।

विजेता बनेको टोलीले नगद रु २५ हजार ८२ सहित प्रमाणपत्र, मेडल र ट्रफी प्राप्त गरेको छ भने, उपविजेताले बनेको सुजल डेरीले नगद रु २० हजार ८२ सहित प्रमाणपत्र, मेडल र ट्रफी हात पारेको पारेको हो । प्रतियोगितामा व्यक्तिगततर्फ उत्कृष्ट खेलाडीको उपाधि मेडिप्लस हस्पिटल डाक्टर टिमका डा निशान पुनले जिते । सर्वाधिक ६ गोल गर्दै सुर्य नेपाल प्रालिका सरोज श्रेष्ठ सर्वाधिक गोलकर्ता घोषित हुदा,उत्कृष्ट




गोलरक्षकको उपाधि मेडिप्लस हस्पिटल डाक्टर टिमका सुशान्त भट्टराईले हात पारे । अनुशासित टिमको रूपमा सुर्य नेपाल प्रा लि, शेराटार, तनहुँ सम्मानित भएका हुन् ।

प्रतियोगितामा वरपिपल रिर्सोट, होटल बाराही, अतिथि रिर्सोट, टेम्पल ट्री रिर्सोट, सुजल डेरी प्रा।लि, सुर्य नेपाल प्रा।लि, कर्मचार्य फुड्स, मदरल्याण्ड माध्यमिक विद्यालय, प्रगति माध्यमिक विद्यालय, मेडिप्लस हस्पिटल टिम र मेडिप्लस हस्पिटल डाक्टर टिम गरी ११ टिमको सहभागिता रहेको कार्यक्रम संयोजक मेडिप्लस हस्पिटलका बजार शाखा प्रमुख शोभाकर पाण्डेले बताए ।

कार्यक्रमका प्रमुख अतिथि सामाजिक सुरक्षा कोष, पोखरा कार्यालयका प्रमुख डिपि सुन्दर पराजुली रहेका थिए भने अध्यक्षता मेडिप्लस हस्पिटलका अध्यक्ष डा आनन्द भट्टराईले गरेका थिए। कार्यक्रममा मेडिप्लस हस्पिटलका प्रमुख सञ्चालन अधिकृत प्रकाश बि क, व्यवस्थापक सुरेश राज सुवेदी, लेखा शाखा प्रमुख सुनिल पौडेल, म्याट्रोन सिर्जना सुवेदी, स्टोर शाखा प्रमुख सुनिता पौडेल लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन प्रशासकीय अधिकृत रन्जना आलेले गरेकी हुन् ।

# महोत्सवमा १३ लाख बढीको आलु कारोवार

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

राष्ट्रिय हेमजा आलु महोत्सवको चौथों दिन सोमबारसम्ममा त्यहाँ १३ लाख बढीको आलु कारोवार भएको छ ।

महोत्सव मध्येतिर आउदाँ त्यहाँ दर्शक सहभागिता पनि बढ्दै गएको छ । शनिबार र आइतबार सार्वजनिक विदा परेको एवम् सोमबार समेत मौसम एवम् दर्शकले साथ दिएपछि पछिल्ला दिनमा त्यहाँ कारोवार हवातै बृद्धि भएको हो । त्यहाँ आलुको परिकारको एउटा स्टल, ३० वटा कृषि स्टल तथा अन्य सय बढी व्यापारीक स्टल छन् । प्रतिकेजी रु.३५ मा आलुको कारोवार भइरहेको छ ।

सोमबार मात्रै ५ लाख बढीको आलु बिक्री भएको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक अर्जुन कार्कीले बताए । उनले हालसम्म सबैभन्दा बढी ८ सय केजी र कम्तीमा १ केजीसम्म ग्राहकले आलु खरिद गरी लगेको पनि सुनाए । सामान्यतथा २०




देखि ३० केजीसम्म आलु किन्ने ग्राहक धेरै आउछन् । कास्कीका छिमेकी पालिका लगायत चितवन, मकवानपुर, पर्वत, बाग्लुङ, तनहुँ, लमजुङ, स्याङ्जा, म्यादी, मुस्ताङबाट समेत आलु खरिदका लागि मानिसहरु आउने गरेको उनको भनाई छ । हेमजाको निलो आलु मिठो छ, चाँडो पनि पाक्छ, अन्य स्थानको तुलनामा स्वास्थ्यकर पनि मानिने भएकाले आफूहरु आलु खरिदकै लागि आएको सोमबार दिउँसो महोत्सव स्थलमा भेटिएकी तनहुँ शुक्लागण्डकीकी रमिला सुनारले बताइन् । यतिवेला आलु महोत्सव स्थल विष्णुपादुका खेल मैदानका अलवा हेमजा स्थित स्थानीयका घरघरबाट समेत आलु तथा अन्य कृषि उपजको बिक्रीवितरण दर बढेको छ । महोत्सवमा सोमबार कलाकारहरु पुरुषोत्तम न्यौपाने, रामजी पौडेल, सरस्वती लामिछाने, कमला गैह्रे, किसन नेपाली, भूमिका पंगेनी, कृष्टिना क्षत्री, प्रकाश विक्रम राजमाझी लगायतले प्रस्तुति राखे । त्यस्तै हास्यकलाकारहरु राजेन्द्र गिरी (जादुगर गुन्द्रूके) मनोज गोर्खाली लगायतले पेटमिचीमिची हसाए ।

त्यस्तै गुरुकुल विद्यासदन मावि नयाँबजार, स्नो भ्यू बोडिङ स्कूल हेमजाले पनि प्रस्तुति देखाए । त्यस्तै पप कन्सर्टतर्फ देउराली, लेकाली, ब्रोसिस व्याण्ड लगायत अंकित श्रेष्ठले प्रस्तति राख्दै दर्शकलाई नचाए । महोत्सव अन्तर्गत मंगलबार नयाँवर्षको दिन त्यहाँ कलाकारहरु शिव हमाल, राजु ढकाल, कुमार पुन, ममता तामाङ, सुभद्रा श्रेष्ठ, भूमिका पंगेनी, प्रजिता सुनार लगायतका प्रस्तुति रहने सांस्कृतिक उपसमिति सदस्य परशुराम अधिकारीले जानकारी दिए । त्यस्तै महोत्सवमा सोमबार जनकल्याण आमा समूह, कमल जौंसी आमा समूह एवम् प्रगति आमा समूहले रत्यौली प्रतियोगिता अन्तर्गत आ-आफ्ना प्रस्तुति राखे । महोत्सव अन्तर्गत त्यहाँ आलु तथा तरकारीको प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार एवम् कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम भइरहेका छन् । त्यस्तै कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारका दैनिक प्रस्तुति लगायत विभिन्न कृषि उपज विउ विजन तथा कृषि यन्त्रको प्रदर्शनी लगायतका गतिविधि पनि संचालित छन्। सोमबारसम्ममा ४० हजार बढी दर्शकले महोत्सव अवलोकन गरेको आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठ जानकारी दिए ।

# बेगनासताल बराह क्षेत्र विकास संस्थामा सुरेन्द्र

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

बेगनासताल बराह क्षेत्र विकास संस्था, पोखरा महानगरपालिका-३१, बेगनासको वार्षिक साधारण सभा तथा चौथो अधिवेशनबाट अध्यक्षमा सुरेन्द्र सापकोटा निर्विरोध निर्वाचित भएका छन् ।

न व ग ठि त कार्यसमितिको उपाध्यक्षमा भुवनेश्वर कडेल, सचिवमा प्रदीप राज कडेल, सह-सचिवमा संकल्प कंडेल र कोषाध्यक्षमा सीता हिमाल निर्विरोध चयन भएका छन्। त्यसैगरी सदस्यहरूमा विष्णु माया कंडेल, ओम कुमारी बराल, फणीन्द्र कंडेल, रमेश कंडेल, ज्ञानु जलारी र केशवराज तिवारी निर्वाचित भएका छन् । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. ३१ का अध्यक्ष ढकनाथ कंडेलले बेगनासताल क्षेत्रको विकासले धार्मिक पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने उल्लेख गर्दै यसका लागि सबै सरोकारवाला निकायहरू सक्रिय हुनुपर्नेमा जोड दिए।

उक्त कार्यक्रममा वडा सदस्यहरू देवेन्द्रराज अधिकारी र विनोदमणि लामिछाने, साथै बेगनासताल धार्मिक तथा पर्यटन विकास संस्थाका अध्यक्ष मित्रलाल भण्डारी, समाजसेवी गङ्गाराम सुबेदी, बिरभद्र कडेल, संस्थापक अध्यक्ष वुद्दिनाथ कंडेल लगायतले आ-आफ्ना धारणा सहित शुभकामना व्यक्त गरेका थिए । संस्थाका अध्यक्ष विष्णु सुवेदीले अध्यक्षता गरेको उक्त कार्यक्रमको सञ्चालन सस्थाका सचिब सुर्य तिवारीले गरेका थिए ।

# यस्तो बन्दैछ 'पोखरा घर'

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

पर्यटकीय राजधानी पोखरालाई चिनाउने 'पोखरा घर' निर्माण अन्तिम चरणमा पुगेको छ ।

पोखरा महानगरपालिका-९ पृथ्वीचोकमा निर्माणाधीन उक्त भवनको भौतिक प्रगति ९५ प्रतिशत पुगेको पोखरा महानगरपालिकाले जनाएको छ । महानगरको भवन तथा अन्य पूर्वाधार शाखाका प्रमुख इन्जिनियर लक्ष्मीप्रसाद गौतमले इलेक्ट्रिकलतर्फको मात्र काम बाँकी रहेको बताउनुभयो ।

दुई वर्षअघि निर्माण थालिएको 'पोखरा घर' छिट्टै सञ्चालनमा ल्याउने तयारी छ । भूमिगत पार्किङसहितको उक्त भवनमा कोसेली घर, एकीकृत सूचना केन्द्र, पुस्तकालय, आर्ट ग्यालरीलगायत रहने जनाइएको छ । "पहिलो तलामा कोसेली घर सञ्चालनका लागि ठेक्का आह्वानसमेत भइसकेको छ", इन्जिनियर गौतमले भन्नुभयो, "पोखराको स्थानीय उत्पादन र



सामग्री कोसेली घरमा रहनेछन् ।"

पहिलो तलामै एकीकृत सूचना केन्द्रसमेत रहनेछ । जहाँ पोखराको पर्यटनसँग सम्बन्धित समग्र क्षेत्रका सूचना उपलब्ध हुने जनाइएको छ । दोस्रो तलामा सार्वजनिक पुस्तकालय रहनेछ ।

यसअघि महेन्द्रपुलमा रहेको पोखरा सार्वजनिक पुस्तकालय अबदेखि 'पोखरा घर'बाट सञ्चालन हुने भएको हो । तेस्रो तलामा आर्ट ग्यालरी रहनेछ । सोभन्दा माथि घण्टा घर रहने इन्जिनियर गौतमले जानकारी दिनुभयो । 'पोखरा घर' पर्यटकका लागि गन्तव्यस्थल बन्ने विश्वास लिइएको छ ।

करोड एक लाख ४६ हजार रुपैयाँ लागतमा बनेको यस अपाङ्गमैत्री भवनमा लिफ्टकोसमेत सुविधा रहने जनाइएको छ। 'पोखरा घर'लाईपरम्परागतवास्तुकलासहित आधुनिक प्रविधि र सामग्रीको प्रयोग गरेर निर्माण गरिएको छ । यसअघि महेन्द्रपुलमा रहेको आर्ट ग्यालरी पनि अबदेखि 'पोखरा घर'बाट सञ्चालन हुने महानगरले जनाएको छ ।

## मुलुकमा ...

गरेर सृजनामा लाग्न स्रष्टाहरूले उत्तिकै सक्रियता देखाउनुपर्ने बताउनुभयो । कार्यक्रममा प्रा डा रमेशप्रसाद भट्टराई, कृष्ण धरावासी र हंसावती कुर्मीले साहित्यिक आन्दोलनको ऐतिहासिक पक्ष केलाउँदै राजनीतिक दल र सत्तामा पुग्ने शक्तिले जनताका मुद्दालाई छाडेमा साहित्यिक क्षेत्रले निरन्तर खबरदारी गर्नुपर्ने बताउनुभयो ।

आयोजक 'स्रष्टा चैत्र ३० ' अध्यक्ष मनोज न्यौपानेले नागरिक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताका लागि स्रष्टाहरूले निरन्तर खबरदारी गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

लोकतान्त्रिक जनआन्दोलनका क्रममा विसं २०६२ चैत ३० गते गुरुकुल (आरोहण) बाट स्रष्टाहरूले 'कर्फ्यु' तोडेर निकालेको जुलुस पुरानो बानेश्वर चोक पुगी साहित्यिक कार्यक्रम गरिरहेको अवस्थामा तत्कालीन सरकारले दमन गरेको दिनको स्मरण गर्दै स्रष्टा सम्मान, आन्दोलनको अभिलेखीकरण, बौद्धिक बहसलगायत विविध कार्यक्रम गर्दै आइएको त्यस अवसरमा जानकारी दिइयो ।

## टुकुचे...

बाजागाजा सहित भव्य स्वागत गरिएको थियो । कार्यक्रममा मितेरी सम्बन्ध स्थापना गर्नुहुने समाजसेवी अर्जुन सिँह तुलाचन र नाम्तोका मेयर मिकियोलाइ सम्मान गरिएको थियो ।

त्यसैगरी कार्यक्रम समाजसेवी पवन तुलाचन र वडाध्यक्षलाई समेत धौलागिरि महिला बहुउद्देश्यीय सहकारी संस्थाबाट सम्मान सम्मान गरिएको हो । जापानी पाहुना टोलीलाई मुस्ताङको सिमा घासामा गाउँपालिका अध्यक्ष प्रदीप गौचन लगायतले स्वागत गर्नुभयो। उत्सव अन्तरगत साँस्कृतिक कार्यक्रम,तारोहान्ने खेलकुद,विद्यार्थीहरूको नृत्य प्रदर्शन तथा टुकुचेका विभिन्न गाउँहरूको भ्रमण गरिएको थियो। नाम्तोको टोलीले टुकेचेका विभिन्न विद्यार्थीलय, गुम्वा तथा गाउँपालिका भवनको समेत अवलोकनगरेकोथियो।टोलीलाई गाउँपालिका कार्यालयले समेत स्वागत गरेको छ ।

# सञ्चारिका समूहको गण्डकी प्रदेश अध्यक्षमा कँडेल

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

सञ्चारिका समूह नेपाल गण्डकी प्रदेशको आइतबार सम्पन्न सातौं अधिवेशनले राधिका कँडेलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

समितिको उपाध्यक्षमा कञ्चन थापा, महासचिवमा उमा आलेमगर, सचिवमा अनिता घिमिरे, कोषाध्यक्षमा बालकुमारी पौडेल (तारा) चयन हुनुभएको छ ।

त्यस्तै सदस्यहरूमा शोभा नेपाल, रोजी श्रेष्ठ, रिना थापा, देविका तामाङ, सपना अधिकारी र बिनाकुमारी थापा रहनुभएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ। - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# नयाँ वर्ष उत्साह र आशाको वर्ष बन्न सकोस्

नेपालीहरुले मान्दै आएको पात्रो (क्यालेण्डर) फेरिएको छ । नेपालमा विक्रमाब्दले चलनमा ल्याएको सम्वतलाई नै मानिदै आएको छ। नेपालले मानेको पात्रो २०८३ शुरु भएको छ। वि.स. २०८२ लाई विदाई गरेर नयाँ वर्ष सुरु हुने गर्दछ। नयाँ वर्षको सुरुमै नयाँ कामको थालनी गर्ने, शुभकामना आदानप्रदान गर्ने काम भएका छन्। विदेशमा रहेका नेपालीहरुले समेत नयाँ वर्षको सुरुआतको अवसरमा विभिन्न कार्यक्रम गरी मनाउने गर्दछन्। नेपालले मानेको विभिन्न सम्वत मध्ये विक्रम सम्वतले सरकारी कामकाज मान्यता पाएको छ। हुनत अन्य सम्वतलाई पनि मान्यता दिइएको छ। विक्रमसम्वतले विशेष महत्व पाउदै आएको छ।

२०८२ साल नवयुवाको आन्दोलन, आन्दोलनकारी माथि गोली, हत्या, राष्ट्रिय सम्पदामा आगजनी, ध्वंस, आक्रमण र हमला, दुई तिहाइको सरकार अपदस्त, सामाजिक संजालमाथि प्रतिवन्द, जनताको आक्रोश, शिक्षक राजधानी केन्द्रीत आन्दोलन, संसद विघटन संविधान विपरीत सरकार गठन। दलहुका कार्यालय र नेताका निवासमा आगजनी।दलहरुमा पुस्तान्तरण र नेतृत्व परिवर्तनका लागि हस्तक्षेप र प्रतिनिधि सभाको निर्वाचनबाट नयाँ दललाई दुई तिहाइ बहुमत।पुराना, ठुला दल दलको सान दलमा परिणत र नवयुवाको माग अनुसारको सरकार गठन।पुराना दल रनेतामाथि प्रतिशोध ,पुर्व प्रधानमन्त्री पक्राउ जस्ता असंभव मानिएका काम भएका छन। चुनावपछि बनेको सरकारबाट महंगी उपहार पाएका छन जनताले। महंगी, अभाव र असुरक्षा हुँदा पनि जनता चुप बस्न बाध्य छन। प्रकोपले गर्दा कमजोर र गरिबलाई बाँच्न गाह्रो बनाएर गएको छ । नेपाली जनताले पाएका अधिकार खोस्ने शक्ति सक्रिय भएका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न लाग्नुपर्ने बेला किताकाँट जस्तो अवस्था देखिनु विडम्बना हो ।

धनी र शक्तिशाली देशले साना र कमजोरलाई युद्धमा उक्साउछन भन्ने देखाएको छ । गरिब तथा कमजोर मुलुकले जनतालाई राहत दिन, महंगीको मारबाट कसरी बचाउने, स्वास्थ्य उपचार र रोग नियन्त्रणका लागि गरिएका कामले आफ्ना नागरिकलाई सन्तुष्ट राख्न सकेनन । नेपालको आर्थिक अवस्था निकै कमजोर बन्न पुग्यो । हरेक सूचकांक देशको आर्थिक अवस्था खस्किएको देखाएको छ । राजनीति कता जाने भन्ने अझै अन्योल , प्रदेश सरकार अस्थिर, हरेक क्षेत्रमा असन्तुष्टि र राज्यका सबै अंगले काम गर्न नसक्ने अवस्थाले जनतामा निराशा पलाएको छ। आर्थिक अवस्था खस्कदै जाने काम भयो हरेक काम सेटिङका आधारमा हुने गरे। राजनीतिक दलहरूबीचको सम्बन्ध सुमधुर हुन सकेन । देशका सबै अंगलाई कमजोर बनाउने विदेशी योजनाले सार्थकता पाए। राजनीति मुल्य र मान्यता विपरीतचल्ने, सहकारीलाई ठगेरखाने भाँडो बनाउने र कार्यवाही गर्दा उल्टै ठूलो स्वर निकालेर जो चोरउस्कै ठूलो स्वर गरेका छन् । देशमा बलियो राजनीतिक शक्तिलाई कमजोर बनाएर अस्थिर बनाउनखोज्ने हावी हुनखोज्नेलाई बेलैमा चिन्न नसक्दा देशकै भविष्य बारे प्रश्न उठ्ने गरेको छ। देशको पुर्वाधार विकास, आर्थिक अनुशासन कायम गर्न,राष्ट्रिय स्वाभिमानका लागि बलियो देशभक्त शक्ति कमजोर हुँदा वाह्य चलखेल बढ्दो छ।

देश हरेक क्षेत्रमा आत्मनिर्भर हुनुपर्छ भन्ने चेतको विकास गर्न दलहरूबीचको सम्बन्ध राम्रो बनाउन लाग्नुपर्छ । प्राकृतिक विपत्ति, आर्थिक, सामाजिक र साँस्कृतिक, स्वास्थ्य, शिक्षा, हरेक क्षेत्रमा पारेको असरले जनतालाई निराश बनाउने काम अघिल्लो सालले गरेको छ । सबैभन्दा जनतालाई निराश बनाउने काम दलहरूको गतिविधिले गरेको छ। राज्यकोषको दोहोन गर्ने, फरक विचार राख्ने माथि अमर्यादित र अश्लील गाउ गलौज र डिजिटल हिंसा बढ्दो छ। पभ्रामक समाचार बनाउने काम रोक्न जिम्मेवार राजनीतिक दलहरु लाग्नुपर्छ।, हरेक क्षेत्रमा निराशा र अस्थिरता ल्याउन खोज्नेलाई चिनेर जनतालाई सही सूचना दिने, सुशासन कायमगर्न र आर्थिक अबस्थामा सुधार, स्वास्थ्य संस्थालाई बलियो बनाउने गरि संरचना निर्माण थालिनु, सडक, पुल बनाउने कामलाई तीव्रता दिनुपर्छ।जनतालाई सुशासन दिन र सरकारले देशमा केही हुन्छ भन्ने सन्देस दिन सक्नुपर्छ । नकारात्मक सोच, घृणा र प्रतिशोधको भावना छाडेर जनतामा आशाको सन्देश दिन सरकार, राजनीतिक दलले सक्ने सद्बुद्धि र शुभभावना आउन सकोस नयाँ वर्ष २०८२३ को शुभकामना !


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# आस्था साकोसको स्थापना दिवसमा स्टेसनरी तथा खेलकुद सामग्री वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत

आस्था बचत तथा ऋण सहकारी संस्था लि को १६ औ स्थापना दिवसका अवसरमा पोखरा १८, भकुन्डेस्थित हिमाली बाल कल्याण संरक्षण मंचमा रहेका बालबालिकाहरुका लागि स्टेशनरी तथा खेलकुदका सामग्री वितरण कार्यक्रम सम्पन्न भयो ।

हिमाली बाल कल्याण संरक्षण मञ्चका उपाध्यक्ष टंक प्रसाद गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा आस्था साकोसका प्रमुख कार्यकारी अधिकृत नारायण प्रसाद आचार्यले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए भने आस्था साकोसका अध्यक्ष कृष्ण प्रसाद आचार्यले यस्तो कार्यक्रम गर्न पाउदा गौरवको अनुभुति गर्दै हिमाली बाल कल्याण संरक्षण मञ्चले गरेको यो काम अत्यन्त सराहनीय रहेको धारणा व्यक्त गरे साथै सम्पूर्ण बालबालिकाको समुज्ज्वल भविष्यको कामना गरे। कार्यक्रममा आस्था साकोसका अध्यक्ष कृष्ण प्रसाद आचार्यले संरक्षण मञ्चका उपाध्यक्ष टेक प्रसाद गुरुङलाई स्टेसनरी तथा खेलकुदका सामग्री हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा संरक्षण मञ्चका उपाध्यक्ष टेक प्रसाद गुरुङले आफ्नो संस्थाले गरेका क्रियाकलापहरुको जानकारी गराउदै आस्था साकोसलाई हार्दिक धन्यवाद सहित मायाको चिनो प्रदान गरे ।

कार्यक्रममा आस्था साकोसका संचालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी सदस्यहरु, हिमाली विद्यालयका शिक्षकवर्ग, पालनपोषण गर्ने आमाहरु, बालबालिकाहरु समेतको उपस्थिति रहेको थियो ।

आस्था साकोसका सेयर सदस्य एवम् हिमाली बाल कल्याण संरक्षण मञ्चका सदस्य राजेन्द्र पौडेलको संयोजनमा सम्पन्न उक्त औपचारिक कार्यक्रमको संचालन आस्था साकोसका सचिब ज्ञानेश्वर सुवेदीले गरेका थिए । स्मरण रहोस्, आस्था साकोसले स्थापना वर्षको पावन अवसरमा यस्तै प्रकारका सामाजिक उत्तरदायित्व बहन गर्ने कार्यक्रमहरु निरन्तर गरिरहेको छ।

# संगम सहकारीको भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत



पोखरा १५ राम बजारमा केन्द्रीय कार्यालय रहेको संगम बचत तथा ऋण सहकारी संस्थाले सहकारीको संचालक समिति, लेखा समिति लगायत विभिन्न उपसमितिको जिम्मेवार पदमा रहेका सदस्यहरुलाई ग्रामीण सहकारीको अवलोकनका साथै आन्तरिक पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउने उदेश्यले बागलुङ भगवतीको दर्शन गरि रुकुम, जाजरकोट, दैलेख, कालिकोट, जुम्ला हुँदै मुगु जिल्लामा अवस्थित नेपालकै सबैभन्दा ठुलो रारा ताल सम्मको भ्रमण सम्पन्न गरेको छ।

अध्यक्ष नबराज तिवारीको नेतृत्व र सचिव धनराज पुरीको संयोजकत्वमा भएको उक्त भ्रमणकै सिलसिलामा जुम्लामा रहेको चन्दननाथ नौमुडे बचत तथा ऋण सहकारी संस्थाको अवलोकन समेत गरेको थियो । सोही अवसरमा भएको अन्तरक्रिया कार्यक्रममा बोल्दै चन्दननाथ सहकारीका अध्यक्ष तिर्थसिंह कठायतले धेरै टाढाबाट सम्झेर आएकोमा आभार प्रकट गर्दै दैलेख, कालिकोटतिरका पहाडी बाटो छिचोल्दै गर्दा दुर्गमजस्तो लागेपनि नाग्मदेखि जुम्ला प्रवेश गरेसँगै यहाँको सुन्दरताले सबै मोहित हुने बताए । संगम सहकारीका अध्यक्ष नबराज तिवारीले भ्रमण टोलिलाई दिइएको आतिथ्यताका लागि धन्यवाद व्यक्त गर्दै आफुहरु निरन्तर सिकाइको अभियानमा रहेको बताए। साथै उनले जुम्लाको उक्त सहकारीलाई पोखरा भ्रमणको निम्तो पनि दिए। संस्थागत प्रस्तुति दिदै चन्दननाथ सहकारीका ब्यवस्थापक श्रीकृष्ण आचार्यले छ करोडको वासलात रहेको , बढीमा तीन लाख लगानी गरिने र लगानीको रकम मध्ये १० प्रतिशत सेयरमा र २० प्रतिशत बचतमा राखी ७० प्रतिशत मात्रै कर्जा उपभोग गर्न पाइने नियम भएको बताए । भ्रमणकै क्रममा टोलिले जुम्ला स्थित जिल्ला सहकारी संघ, बचत तथा ऋण सहकारी संघ र चन्दननाथ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्षहरुसँग पनि छोटो अन्तरक्रिया गरेको थियो। जुम्लाबाट रारातर्फ अगाडी बढ्नेक्रममा बिग्रेका बाटोका कारण अगाडीका बस ट्रकहरु फसेका थिए , जसले गर्दा चार घण्टाको प्रतीक्षापछि अर्को गाडी चेन्ज गरेर मात्रै भ्रमण टोलि रारा पुगेका थिए। रारा राष्ट्रिय निकुञ्ज भित्र पर्ने रारा ताल पुगेपछि भने भ्रमण टोलिका सदस्यहरुले बाटोको दुख बिर्सेर रमाउन थालेका थिए । नेपाली खस सभ्यताको उदगम स्थल सिञ्जा भ्यालीको अवलोकन समेत गरेको उक्त टोलिले फर्कने क्रममा बाटोमा हिउँ खेल्न पाउँदा धेरै रमाएका थिए । रारा जाने क्रममा दैलेख जिल्लामा रहेको देशकै ठुलो ग्यास उत्खनन केन्द्रको अवलोकन र फर्कने क्रममा सुर्खेत जिल्लाको काँक्रे बिहार र देउती बजैको दर्शन गरि दाङ उपत्यकाहुँदै भ्रमण टोलि पोखरा आइपुगेको छ । भ्रमणले आन्तरिक पर्यटन प्रवर्द्धनमा सघाउ पुगेको संयोजक पुरीले बताए ।

# ढोरपाटनमा पर्यटक सूचना केन्द्र स्थापना

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० चैत

मुलुकको एकमात्र सिकार आरक्ष क्षेत्र ढोरपाटनमा पर्यटकको सहजताका लागि पर्यटन सूचना केन्द्र निर्माण गरिएको छ । बिवाइसी बागलुङअन्र्तगत दिगो पर्यटन प्रवर्द्धन परियोजनाको रु ७४ लाखको लागतमा पयटक सूचना केन्द्र स्थापना गरिएको हो ।

सूचना केन्द्रमा सिकार आरक्षका गतिविधि, सिकारको जानकारी तथा नाउर, झारल, रेडपाण्डालगायत जनावरको खाग तथा छालाका वस्तुका बारेमा जानकारी समेत राखिएको ढोरपाटन सिकार आरक्ष कार्यालयले जनाएको छ । कार्यालय परिसरमा उक्त पर्यटन सूचना केन्द्रको भवन निर्माण गरी सञ्चालनमा ल्याउने तयारी गरिएको जनाउँदै यसले पर्यटकलाई सही सूचना प्रदान गर्ने बिवाइसी बागलुङका सचिव विक्रम पौडेलले विश्वास व्यक्त गर्नुभयो ।

यहाँ आउने पर्यटकलाई ढोरपाटनमा रहेका नाउर, झारल, डाँफे, रेडपाण्डालगायत विभिन्न जनावरका बारेमा जानकारी दिने उद्देश्यले बृहत् सूचना केन्द्र स्थापना गरिएको पौडेलेले जानकारी दिनुभयो । उहाँका अनुसार ढोरपाटनमा सिकार खेल्न विदेशी सिकारी हेलिकप्टर चार्टर गरेर आउने गरेका छन् भने आन्तरिक पर्यटक स्थलमार्गमार्फत भ्रमण तथा अवलोकनमा आउने गरेका छन् ।

यसलाई लक्षित गरी दिगो पर्यटन प्रवर्द्धन परियोजनामार्फत रु ७४ लाख लागतमा सिकार आरक्षको मुख्य कार्यालय परिसरमा सूचना केन्द्र निर्माण गरिएको जनाउँदै बिवाइसीका सचिव पौडेलले भवन तयार भइसकेकाले अन्य आवश्यक संरचना थालिएको बताउनुभयो । उहाँका अनुसार सम्पूर्ण काम सम्पन्न भएपछि सिकार आरक्षलाई हस्तान्तरणपश्चात् सूचना केन्द्र सञ्चालनमा आउनेछ ।

भवन हस्तान्तरण भएर सिकार आरक्ष मातहतमा आएपछि आरक्षको मुख्यालयमा भएको सङ्ग्रहालय तथा सूचना केन्द्रका सामग्री यहाँ राखिने छ भने परियोजनाले डिजिटल सूचना बोर्डमा आरक्षका गतिविधि राख्ने तयारी गरिरहेको छ ।

सूचना केन्द्रमा जङ्गली जनावरको सङ्ख्या, सिकार गरिएका जनावरको सङ्ख्या, पर्यटकको सङ्ख्या, नाउर तथा झारलको डमी (रुपाङ्कन) र डिजिटल सूचना बोर्ड राखिने ढोरपाटन सिकार आरक्षका रेञ्जर सागर सुवेदीले जानकारी दिनुभयो । विशेषगरी सिकार खेल्न अनुमतिप्राप्त नाउर तथा झारलको अवशेष, छालालगायत जानकारी राखिने उहाँको भनाइ छ । ढोरपाटन नगरपालिका-९ मा आकर्षक पर्यटकीय केन्द्र निर्माणका लागि ठेक्का सम्झौता भइसकेकोरेञ्जरसुवेदीलेजानकारी दिनुभयो । उहाँका अनुसार पहिलो चरणमा पर्यटन सूचना केन्द्र भवन निर्माणका लागि श्री डोलेश्वर महादेव निर्माण प्रालिसँग सम्झौता भएको छ । ढोरपाटनमा आर्थिक वर्ष २०८०/८१ मा १५ हजार ५७३ जना आन्तरिक र बाह्य पर्यटक भित्रिएका जनाउँदै सोबाट रु १९ लाख राजस्व सङ्कलन भएको आरक्ष कार्यालयका संरक्षण अधिकृत मन्दीप पङ्गेनीले उल्लेख गर्नुभयो ।

# मंगलाघाटमा सामुदायिक स्वास्थ्य केन्द्र : घरभाडा तिर्न बजेट अभाव

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० चैत

बेनी नगरपालिका-७ मङ्गलाघाटमा सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन भएको छ। आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका लागि बेनी नगरपालिकाले मङ्गलाघाटमा सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन गरेको हो ।

उक्त केन्द्रबाट जिल्ला सदरमुकाम बेनीको पश्चिमी क्षेत्रमा पर्ने मङ्गलाघाट-२ को बगरफाँट र ६ को डम्मराका बासिन्दा लाभान्वित भएका छन् । पाँच वर्षको प्रयासपछि केन्द्र स्थापना भएको सञ्चालक समितिका सदस्य नवराज पौडेलले बताउनुभयो ।

"सदरमुकाममै भए पनि निजी क्लिनिक नभएको मङ्गलाघाटका बासिन्दालाई समान्य बिरामी पर्दा स्वास्थ्य परीक्षण, औषधि लिन, रक्तचाप, चिनी रोग परीक्षण गराउन असहज भएको पछि पाँच वर्षअघि स्वास्थ्य केन्द्र सञ्चालनको माग गरेका थियौँ," उहाँले भन्नुभयो, "टोलमै स्वास्थ्य केन्द्र भएपछि प्राथमिक उपचारका लागि वडा नं ८ मा पर्ने कालीपुलस्थित प्रदेश अस्पतालमा पुगेर घण्टौं लाइन बस्नुपर्ने अथवा निजी क्लिनिकमा धाउनुपर्ने समस्या हटेको छ।"

बेनी -७ मा यसअघि स्वास्थ्य संस्था थिएन । केन्द्रमा नगरपालिकाले एक जना सिनियर अहेव र एक जना स्टाफ नर्स खटाएको छ । स्वास्थ्य परीक्षण, खोप, निःशुल्क औषधि वितरण, परामर्श, गर्भपरीक्षण, सुत्केरी घरभेटलगायत स्वास्थ्य चौकीबाट प्रदान गरिने आधार भूत तहको सेवा उपलब्ध रहेको छ । सेवा लिनेको सङ्ख्या मासिक २०० जनाको हाराहारीमा रहेको केन्द्रका सिनियर अहेव सीमा भण्डारी घिमिरेले बताउनुभयो ।

भाडाको घरमा केन्द्र सञ्चालन भएको छ। बेनी नगरपालिकाले स्वास्थ्य केन्द्र स्थापनाका लागि विनियोजन गरेको रु एक लाख ५० हजार बजेटले फर्निचर र स्वास्थ्य सामग्री खरिदमा अपुग भएपछि स्थानीयवासीले रु एक लाख १३ हजार सङ्कलन गरेर भुक्तानी गरेका सञ्चालक समितिका सदस्य पौडेलले बताउनुभयो ।

वार्षिक रु ६० हजार घरभाडा तिर्न बजेट अभाव हुँदा समस्या भएको उहाँले बताउनुभयो । केन्द्रको भवन निर्माण र नियमित सञ्चालन गर्न मङ्गलाघाटवासीले माग गरेका छन् ।

नगरपालिकाले वडास्तरीय स्वास्थ्य संस्थामा पुगेर सेवा लिन अपायक पर्ने टोलका बासिन्दालाई लक्षित गरेर यसअघि सिङ्गा, डडुवा, सेताढुङ्गा, गलेश्वर र तोरीपानीमा सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन गरेको थियो ।

# हप्ताको दुई दिन बिदाले बन्दीपुरमा पर्यटकको संख्यामा वृद्धि

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० चैत

यहाँको पर्यटकीय नगरी बन्दीपुरमा पर्यटकको चहलपहल बढेको छ।

सरकारले हप्ताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेसँगै यहाँ आन्तरिक पर्यटकको संख्यामा वृद्धि भएको हो ।

यसअघि शुक्रबार र शनिबार बन्दीपुरमा पर्यटकको भीड हुने गरेकामा बिदाका कारण आइतबार पनि पर्यटकको आगमन बढेको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले जानकारी दिनुभयो। उ

हाँले भन्नुभयो, "पछिल्लो समय सर्वसाधारणमा घुम्ने संस्कृतिको विकास भएको छ । त्यसमाथि सरकारले आइतबार पनि बिदा दिने निर्णय गरेपछि बन्दीपुरमा आन्तरिक पर्यटक बढ्दैछन्।"

प्रधानले हिजो आइतबारमात्रै एक हजार बढी पर्यटक बन्दीपुर आएको जानकारी दिनुभयो । उहाँका अनुसार अन्य समयका आइतबार पर्यटकको चहलपहल निकै कम हुने गर्दथ्यो ।

बन्दीपुरका पर्यटन व्यवसायी वैशबहादुर गुरुङले हप्ताको दुई दिन बिदा दिने निर्णय पर्यटन प्रवर्द्धनका लागि सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "घुम्ने संस्कृति विकास भएका कारण आइतबारको बिदाले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ।"

बन्दीपुर गाउँपालिकाले सन् २०२५ मा सञ्चालन गरेको बन्दीपुर भ्रमण वर्षका अवसरमा छ लाख ५० हजार पर्यटक बन्दीपुर भित्रिएका थिए । यहाँका खड्गदेवी मन्दिर, थानीमाई मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणि मुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यको रुपमा सूचीकृत गरेको छ।

भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थलहरू यहाँ आउने पर्यटकहरुको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ।

# बुढाथोक घरबास: परम्परागत घरमा स्थानीय परिकार

**रासस**
बागलुङ, ३० चैत

यहाँको निसीखोला गाउँपालिका-६ स्थित मध्यपहाडी पुष्पलाल लोकमार्गको छेउमै छ सुन्दर गाउँ बुढाथोक ।

लोकमार्ग कालोपत्रपछि बुढाथोक गाउँ चर्चामा आएको हो । हाल सो गाउँमा व्यवस्थित सामुदायिक घरबास सञ्चालन गरिएको छ। परम्परागत संरचनाका घरले भरिएको बुढाथोक गाउँमा हिजोआज आन्तरिक पर्यटक आउन थालेका छन् । यहाँका चार घर मिलेर बुढाथोक मगर नाखा सामुदायिक घरबास सञ्चालन गरेका हुन् । उनीहरूले खानाका परिकार पस्केर पाहुनालाई स्वागत गर्ने गरेका छन् । गत मङ्सिरदेखि सुरू गरिएको घरबासमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्न थालेको छ । पाँच महिनामा



१२० पर्यटक घरबासमा बस्न आइसकेका छन् ।

लोकमार्गछेउमा परम्परागत चिटिक्क परेका घरले जोकोहीलाई लोभ्याउने गरेको छ । सामुदायिक घरबासका सञ्चालक बिमा बुढागरले घरबासमा एकरातमा २० जना पाहुना राख्ने क्षमता रहेको जानकारी दिनुभयो । घरबास स्थापनाका लागि बिवाइसी बागलुङअन्तर्गत दिगो पर्यटन प्रवर्द्धन परियोजनाले सहयोग गरेको छ । "समूहका विभिन्न महिलाहरूको सहभागितमा सामूहिक भोजन, स्वागत तथा कलासंस्कृति प्रदर्शन गरिन्छ", बुढामगरले भन्नुभयो, "ढुङ्गाले छाएका पुराना घरमा स्थानीय खानाका परिकारसँगै आतिथ्यता हाम्रो प्रमुख आकर्षण हो ।"

घरबासमा मकै, भट्ट, आटो, कोदो र फापरको ढिडो, रोटी, मार्सी चामलको भात, लोकल कुखुरा, खसी, भेडाको मासु, च्याउको सुकुटी र लोकल सिमीको दाल र आलुको परिकार पाइने गरेको छ ।

घरबासमा एकरात खान बस्न प्रति व्यक्ति एक हजार २०० मात्रै शुल्क तोकिएको छ ।

यस गाउँको घरबास जिल्लाकै नमूना रहेको बागलुङको मालिकाबाट घरबासमा आउनुभएका पर्यटक मुक्तिराम सापकोटाले बताउनुभयो । "घरबास सञ्चालकहरूको स्वागत तथा सत्कार, नितान्त परम्परागत घरमा गुन्द्रीमा बसेर स्थानीय परिकार खान पाइयो", सापकोटाले भन्नुभयो, "घरबास भनेकै परम्परा, संस्कृति र खानाका परिकारको व्यवस्थापन हो, घरबासको विषयमा अझै प्रचारप्रसार आवश्यक छ ।"

# कालीगण्डकी जलविद्युत् आयोजना ६४० मेगावाटको हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत

कालीगण्डकी जलाशयुक्त जलविद्युत् आयोजना ६४० मेगावाट क्षमताको निर्माण हुने भएको छ । सुरुमा ८४४ मेगावाट क्षमताको हुने भनिएको यो आयोजना हाल अध्ययनयका क्रममा ६४० मेगावाट क्षमता कायम गर्दा उपयुक्त हुनेगरी निर्धारण गरिएको हो ।

हाल आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी भइरहेको छ । प्रस्तावित आयोजनाको बाँध सेती नदी र कालीगण्डकी नदीको दोभानबाट करिब १० किलोमिटरमाथि उर्लेनी खड्गकोट कालीगण्डकी गाउँपालिका-६ गुल्मी र बिहादी गाउँपालिका-२ बर्राचौर पर्वत क्षेत्रमा पर्नेछ । आयोजनामा कुल २४४ मिटर अग्लो बाँध निर्माण हुने जनाइएको छ । बाँधमा पानी जम्मा हुँदा करिब २९ किलोमिटर लामो खनियाघाटसम्म ताल बन्नेछ । यस आयोजनाको नेट हेड १८३ दशमलव चार मिटर छ । डिस्चार्ज ४०५ घनमिटर प्रतिसेकेण्ड र कुल वार्षिक ऊर्जा उत्पादन एक हजार ६४५ दशमलव ६५ गिगावाट घण्टाबराबर हुने आयोजनाले जनाएको छ । यस आयोजनामा चारवटा स्टिल पेन स्टक, विद्युत्गृह चारवटा प्रान्सिस टर्बाइन प्रस्ताव गरिएको छ । आयोजनाको विद्युत्गृह बिहादी गाउँपालिका बर्राचौर पर्वतमा प्रस्ताव गरिएको छ। आयोजनाले पर्वतको जलजला गाउँपालिका, कुश्मा नगरपालिका, फलेवास नगरपालिका र बिहादी गाउँपालिकाका विभिन्न वडा प्रभावित हुनेछ ।

यस्तै बागलुङको बागलुङ नगरपालिका, जैमिनी नगरपालिकाका विभिन्न वडा प्रभावित हुनेछ । गुल्मीको कालीगण्डकी गाउँपालिका र स्याङ्जाको गल्याङ नगरपालिका प्रभावित हुनेछ । आयोजनाको सम्भाव्यता अध्ययन र वातावरणीय मूल्याङ्कन विद्युत् विकास विभाग र परामर्शदाता जेभी स्मेक इन्टर नेसनल तथा जेड कन्सल्टले गरिरहेको छ। प्रस्तावित आयोजना पृथ्वी राजमार्ग, पोखरा-बागलुङ सडकखण्ड, दोबिल्ला-फलेबास सडक कालीगण्डकी लोकमार्ग तथा कालीगण्डकी करिडोर हुँदै पुग्न सकिनेछ ।

# मुस्ताङका किसानलाई मौरीसहितका घार वितरण

**रासस**
मुस्ताङ, ३० चैत

यहाँका किसानलाई आयआर्जनमा सहयोग पु-याउने उद्देश्यले अनुदान सहयोगमा मौरीसहितका घार वितरण गरिएको छ । घरपझोङ गाउँपालिकाले पाँचवटै वडाका स्याउ किसानलाई ५० प्रतिशत अनुदानमा मौरीसहितका घार वितरण गरेको हो ।

गाउँपालिकाले स्थानीय स्याउ किसानसँगको सहलगानीमा ४५ थान मौरीसहितका घार खरिद गरी वितरण गरेको हो । चालु आर्थिक वर्षको विनियोजित बजेट दुई लाख ५० हजार रुपैयाँ र स्थानीय स्याउ किसानहरूको दुई लाख ५० हजार रुपैयाँ लागत साझेदारी रहने गरी माग संख्याका आधारमा ४५ थान मौरीसहितका



घार वितरण गरिएको गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताउनुभयो । स्याउखेतीको गुणस्तर तथा उत्पादन वृद्धि गरी किसानको आयआर्जनमा टेवा पुर्याउने उद्देश्यले घार वितरण गरेको उहाँले जानकारी दिनुभयो ।

पछिल्लो समय मुस्ताङका किसानले स्याउ उत्पादनलाई प्रभावकारी बनाउन मौरी चरन व्यवस्थापनमा जोड दिन थालेका छन् । यसअघि पनि सोही गाउँपालिकाले स्याउ किसानलाई अनुदानमा मौरीसहितका घार वितरण गरेको थियो ।

वसन्त ऋतुको आगमनसँगै मुस्ताङका स्याउ बगैँचामा स्याउका बोटमा फूल फुल्ने सिजन सुरु हुन थालेको छ । प्रतिमौरीसहितका घारको मूल्य ढुवानीसहित ११ हजार रुपैयाँ पर्ने बताइएको छ । स्याउ फार्म, सहकारी, समूह र व्यक्तिगत स्याउ फार्म किसानलाई स्याउको परागसेचन (पोलिनेसन) वृद्धि गर्न मौरीसहितका घार अनुदानमा हस्तान्तरण गरिएको हो ।

विगत १८ वर्षदेखि मौरी व्यवसाय गर्दै आउनुभएका पोखरास्थित बेगनास मौरी घार उद्योगका व्यवसायी सूर्यप्रसाद लामिछानेले मुस्ताङमा स्याउलगायत रैथाने फलफूलको उत्पादन तथा गुणस्तर वृद्धिका लागि मौरीपालन आवश्यक रहेको बताउनुभयो । स्याउको फूल फुल्ने बेला फ्रुड सेटिङका लागि स्याउ बगैँचाभित्र मौरीपालनले परागतसेचनामा सहयोग पुर्याउने व्यवसायी उहाँ बताउनुहुन्छ ।

# आवाशीय निशुल्क गुणस्तरीय शिक्षा मार्फत आकर्षण बढाउँदै राधाकृष्ण गुरुकुल

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत

पोखरा महानगरपालिका वडा नं ३२ लामेआहालमा सञ्चालित राधाकृष्ण गुरुकुल संस्कृत विद्यालयले आवाशीय गुणस्तरीय शिक्षामार्फत विद्यार्थी तथा अभिभावकलाई आकर्षित गरिरहेको छ ।

वैदिक गुरुकुलीय पद्धति अनुसारको शिक्षाका लागि विद्यार्थी तथा अभिभावकलाई आकर्षित गरिरहेको विद्यालयमा कक्षा ६ देखि १० सम्म विभिन्न जिल्लाका ३० जना विद्यार्थी अध्ययन गरिरहेका छन् ।

गुणस्तरीय शिक्षामा जोड दिदै आएको यस विद्यालयलाई वैदिक गुरुकुलीय पद्धति अनुसारको गुणस्तरीय शिक्षाका लागि महत्वपूर्ण केन्द्रका रुपमा विकास गर्ने लक्ष्य राखिएको विद्यालयका प्रधानाध्यापक प्रकाश उपाध्याय(रेग्मी)ले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालयले निशुल्क आवाश एवम् भोजनको व्यवस्था सहित विद्यार्थीलाई विभिन्न अतिरिक्त कृयाकलापमा पनि संलग्न गराउँदै आएको छ । विद्यालयले साप्ताहिक अतिरिक्त कृयाकलाप अन्तर्गत संस्कृतभाषा सम्भाषण, बक्तृत्कला, हाजिरीजवाफ, प्रवचन, वादविवाद, कविता, खेलकुद आदि सञ्चालन गरेको छ भने योगाभ्यास, संगीत शिक्षा आदि सञ्चालन गरिरहेको छ ।

वार्षिक रुपमा शैक्षिक अवलोकन भ्रमण, बनभोज जस्ता विभिन्न कृयाकलापका साथै अनुशासित तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रबृत्तिको व्यवस्था समेत गरिएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार विद्यालयमा नेपाली, अंग्रेजी, गणित, सामाजिक, वेद, व्याकरण, संस्कृत भाषा, कर्मकाण्ड, गीत कम्प्युटर आदि विषय पठपाठन हुँदै आएका छन् ।

विद्यालयले यस शैक्षिक वर्षका लागि पनि कक्षा ६, ७, ८ र ९ मा सिमित सिटका लागि आवेदन फारम आह्वान गरेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यही चैत २५ गतेदेखि सुरु गरिएको भर्ना वैशाख ९ गतेसम्म चल्नेछ । निम्बार्क सम्प्रदायको विस्तार गर्ने लक्ष्यका साथ विसं २०२२ मा राधाकृष्ण मन्दिर स्थापना भएपछिको महत्वपूर्ण उपलब्धिका रूपमा यहाँस्थित वृद्धाश्रम र गुरुकुल संस्कृत विद्यालयलाई लिने गरिएको स्थानीयवासी बताउँछन् । मन्दिर स्थापनाको पाँच दशकपछि विसं २०७० मा स्वीकृति प्राप्त गरी २०७१ सालबाट राधाकृष्ण गुरुकुल संस्कृत विद्यालय सञ्चालनमा ल्याइएको हो । शुक्लागण्डकीको पावन तट पोखरा र मुक्तिनाथको प्रवेशद्वार गगन, च्यवन आदि ऋषिहरूको तपस्थलिमा रहेको यस विद्यालयलाई महत्वपूर्ण शैक्षिक गन्तव्यका रुपमा विकास गर्न खोजिएको छ ।

# नयाँ वर्षमा घुम्टेमा 'गुराँस उत्सव'

**पोखरापत्र संवाददाता**
गण्डकी, ३० चैत

हरेक वसन्तयाममा थरिथरिका गुराँसले ढकमक्क हुन्छ बागलुङको पर्यटकीय लेक घुम्टे । पछिल्लो समय नयाँ वर्ष पारेर 'गुराँस उत्सव' गर्न थालिएपछि घुम्टेको थप प्रचार भइरहेको छ । यसपालि पनि नयाँ वर्ष २०८३ का अवसरमा यहाँ १४औँ संस्करणको 'गुराँस उत्सव' आयोजना हुँदैछ । घुम्टे पर्यटन विकास केन्द्रले २०७० सालदेखि उत्सवसहित पर्यटन प्रवर्द्धनका काम गर्दै आएको छ ।

केन्द्रका अध्यक्ष झङ्कबहादुर बस्नेतले नयाँ वर्षको अवसरमा आज र मङ्गलबार घुम्टेमा विविध कार्यक्रम गर्न लागिएको बताउनुभयो । तीन हजार ३२० मिटर उचाइमा रहेको घुम्टे लेकबाट नयाँ वर्षलाई स्वागत गरिने उहाँको भनाइ छ । 'गुराँस उत्सव'ले प्रकृतिप्रेमी पर्यटक लोभ्याउने गरेको छ । विशेषगरी आन्तरिक पर्यटकले घुम्टेलाई नयाँ वर्षको गन्तव्य बनाउन थालेका छन् । गुराँस फुल्ने याम र नयाँ वर्षको अवसर पारेर यो उत्सव हुँदै आएको छ । घुम्टेको पर्यटन प्रवर्द्धन र राष्ट्रिय फूल लालीगुराँस संरक्षणको सन्देश दिन उत्सव आयोजना गरिएको अध्यक्ष बस्नेतले बताउनुभयो । "यस वर्षको अन्तिम सूर्यास्त र नयाँ वर्षको पहिलो सूर्योदय हेर्नका लागि पनि घुम्टे उपयुक्त गन्तव्य हो", उहाँले भन्नुभयो, "यहाँ फुल्ने रङ्गीचङ्गी गुराँस र प्राकृतिक सौन्दर्यले जोकोहीलाई आकर्षित गर्छ ।" घुम्टेको घना वन क्षेत्रमा दर्जनौँ प्रजातिका गुराँस फुल्ने गर्छन् । अध्यक्ष बस्नेतका अनुसार बढीजसो पर्यटक नयाँ वर्षको दिन घुम्टे चढ्ने गरेका छन् । उत्सवको पहिलो दिन पुग्ने पर्यटकले पदयात्रा, अवलोकन भ्रमण, 'क्याम्प फायर' र सांस्कृतिक साँझको अनुभव बटुल्न पाउनेछन् । नयाँ वर्षको पहिलो दिन मङ्गलबार सुर्योदय अवलोकन, पूजापाठ, झण्डोत्तलन, मौलिक कला, संस्कृतिको प्रर्दशनीसहित मूल समारोहको आयोजना गरिने भएको छ । यसपालि घुम्टेमा विश्वशान्ति यज्ञको समेत आयोजना गरिएको गलकोट नगरपालिका-७ मल्का वडाध्यक्ष राज थापाले बताउनुभयो । "विश्वशान्तिको कामना गर्दै २७ लाख दीप प्रज्ज्वलनसहित पाठपारायणसहित धार्मिक अनुष्ठान सञ्चालन हुनेछ", उहाँले भन्नुभयो, "घुम्टेको धुरीमा रहेका प्रसिद्ध सिद्ध र भैरव मन्दिरमा विशेष पूजापाठसमेत हुनेछ ।" गलकोट पण्डित समाजसँगको सहकार्यमा विश्वशान्ति यज्ञको आयोजना गरिएको हो ।

घुम्टे पर्यटन विकास केन्द्रले घुम्टेलाई 'गुराँसको पहाड' र वैशाख १ गतेलाई 'राष्ट्रिय लालीगुराँस दिवस' घोषणा गर्न सरकारसँग माग गर्दै आएको छ । विसं २०७० मा घुम्टेको धुरीमै मैत्रीपूर्ण पर्यटन भेला गरी केन्द्रले घुम्टेको पर्यटन प्रवर्द्धन सुरु गरेको थियो । धार्मिक, प्राकृतिक र जैविक हिसाबले महत्त्वपूर्ण मानिने घुम्टेको पर्यटकीय विकासमा 'गुराँस उत्सव'ले टेवा पुर्याएको वडाध्यक्ष थापाले बताउनुभयो । घुमफिरमा जाने पर्यटकसँगै त्यहाँ रहेका सिद्ध र भैरवको मन्दिरमा पूजाआजाको लागि जाने भक्तजन पनि उत्तिकै हुन्छन् । घुम्टेमा पूजा र भाकल गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । केन्द्रले घुम्टेलाई पर्यटकीय क्षेत्र घोषणा गर्ने, संरक्षित वनक्षेत्र बनाउने र जडीबुटीको अध्ययन केन्द्र बनाउने योजना अघि सारेको जनाएको छ । यो क्षेत्र गण्डकी प्रदेशको पर्यटकीय सूचीमा पनि सूचीकृत रहेको गन्तव्यस्थल हो ।

तीनै तहका सरकारसहित स्थानीयवासीको सहयोग र श्रमदानमा घुम्टेमा मन्दिर पुनर्निर्माण, पदमार्गलगायत पर्यटकीय पूर्वाधार निर्माण गरिएका छन् । गलकोट नगरपालिका र ताराखोला गाउँपालिकाको सीमामा पर्ने घुम्टेमा वैशाखे पूर्णिमामा परम्परागत मेला लाग्दै आएको छ । उक्त मेला भर्न हजारौँ पर्यटक तथा भक्तजन घुम्टे चढ्छन् । पौराणिक कालमा पाण्डवहरूले घुम्टेमा तपस्या गरेको जनश्रुती पाइन्छ ।

# नयाँ वर्षमा बेगनास तालमा 'माछा महोत्सव'

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत

नेपाली नयाँ वर्ष २०८३ लाई स्वागत गर्न होटल तथा रेस्टुरेन्ट एसोसिएसन लेखनाथले सोमबार बेगनास ताल किनारमा माछा महोत्सव गर्ने भएको छ ।

माछा महोत्सवबारे आज आयोजित पत्रकार सम्मलेनमा संस्थाका अध्यक्ष सुरेश लामिछानेले वेगनास तालसहित लेखनाथ क्षेत्रका तालहरूको प्रचारप्रसारका साथै तालमा माछा उत्पादन गरी आयआर्जनमा सहयोग पुर्‍याउने उद्देश्यले महोत्सव गर्न लागिएको बताउनुभयो । उहाँका अनुसार सोमबार दिउँसो २:०० बजेबाट औपचारिक रूपमा सुरु हुने महोत्सव विविध सांस्कृतिक कार्यक्रमसहित राति १२:०० बजेपछि नयाँ वर्षलाई स्वागत गर्दै सम्पन्न हुनेछ ।

महोत्सवमा बेगनास, रुपालगायत लेखनाथमा भएका अन्य तालबाट पनि माछा ल्याएर बिक्रीवितरणको व्यवस्था मिलाइनुका साथै माछाका परिकारको बिक्री तथा प्रवर्‌द्धन गरिने आयोजकले जनाएको छ ।

महोत्सवमा गायिका रचना रिमालसँगै पोखरेली ब्यान्ड, माया गुरुङ, बालचन्द्र बराललगायत स्थानीय कलाकारको प्रस्तुतिका साथै भजनकीर्तन र मनोरञ्जनात्मक कार्यक्रम गरिने आयोजकले जनाएको छ ।


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०१)**

**उपरोक्त सम्बन्धमा गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १९ को कित्ता नं. २८७१, २८७२ र १९२४ को निजी जग्गाबाट निर्माणजन्य सामग्री उत्खनन् कार्य सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा गण्डकी प्रदेश पोखरा महानगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक बातावरणीय परीक्षण कार्यविधि, २०७९ को दफा ५ को प्रयोजनार्थ सार्वजनिक सुनुवाई कार्यक्रम निर्माणजन्य सामग्री उत्खनन् कार्यका लागि प्रस्ताव गरिएको स्थलमा मिति २०८३/०१/०५ गते शनिबारका दिन बिहान ८:३० बजे सरोकारवालाहरुको उपस्थितिमा हुन गहिरहेको हुँदा तपाईँहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।**

**आयोजक**
**रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि.**
**पोखरा, कास्की, गण्डकी प्रदेश**
**सम्पर्क नम्वरः ९८५६०३५८१९**


# तनहुँ जलविद्युत् आयोजनाद्वारा किसानलाई कृषि सामग्री वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० चैत

तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित क्षेत्रका किसानलाई आर्थिक रूपमा सक्षम बनाउन तालिमसँगै कृषि सामग्री पनि वितरण गरिएको छ । विद्युत् आयोजनाले ऋषिङ-८ पल्ट्याङ्का मस्टो लाफा भेजा (महिला समूह)का सदस्यलाई लक्षित गरी मगर समुदायका २० जनालाई बेमौसमी तरकारीखेती तथा वित्तीय साक्षरता तालिम प्रदान दिएको हो ।

आयोजना प्रमुख श्यामजी भण्डारीका अनुसार प्रशिक्षाण्मा सहभागी किसानलाई हाते ट्र्याक्टर, बीउबिजन, हजारी तथा 'टनेल' खेतीका लागि आवश्यक उपकरण प्रदान गरिएको छ। आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई यसअघि पनि 'प्लम्बिङ, इलेक्ट्रिसियन, सिलाइ-बुनाइ, बाख्रापालन, तरकारीखेती तथा वित्तीय साक्षर तालिम दिइएको थियो । हालसम्म यस्तो तालिम ३३९ पुरुष र २७९ जना महिलाले लिइसकेका छन् । प्रशिक्षणको मुख्य उद्देश्य जीविकोपार्जन सुधारमा जोड दिनु हो ।